# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:२०८०।०८१
चलानी नं.:

मिति-२०८०/०९/०३

बाली विकास तथा जैविक विविधता संरक्षण (राष्ट्रिय खाद्य मिसन ) कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित मिति २०८०।०९।०३ गते

वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुबाट आ.व.२०८०।०८१ मा संघिय सरकार शसर्त अनुदान तर्फको बाली विकास तथा जैविक विविधता संरक्षण (राष्ट्रिय खाद्य मिसन) कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रम ब्लक निर्माण गरि संचालन गरिने भएकोले उत्पादन ब्लक निर्माण गरि कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/उपभोक्ता समिति/निजी उद्‍मी/कम्पनीहरुले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १५ दिन (२०८०/०९/१७ गते) भित्र प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि, २०८० को अनुसूची-२ अनुसारको प्रस्तावना फारम भरी तोकिएका कागजात सहित नगरपालिकामा निवेदन पेश गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ।

## तपसील

| क्र.सं | कार्यक्रमको नाम | अनुदान रकम | ब्लकको क्षेत्रफल/साईज | कैफियत |
|---|---|---|---|---|
| १ | धान बाली प्रवर्द्धन कार्यक्रम | प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि, २०८० अनुसार हुने | भवन, बाटो वा कुलोले ओगटेको क्षेत्र बाहेक एक आपसमा जोडिएका जग्गाको प्लटबाट बनेको कम्तिमा २० हेक्टर (३० विगाह) | |
| २ | मकै बाली प्रवर्द्धन कार्यक्रम | | भवन, बाटो वा कुलोले ओगटेको क्षेत्र बाहेक एक आपसमा जोडिएका जग्गाको प्लटबाट बनेको कम्तिमा १० हेक्टर (१५ विगाह) | |
| ३ | तेलहन बाली(सूर्यमुखी) प्रवर्द्धन कार्यक्रम (वडा नं ४) | | भवन, बाटो वा कुलोले ओगटेको क्षेत्र बाहेक एक आपसमा जोडिएका जग्गाको प्लटबाट बनेको कम्तिमा ५ हेक्टर (७.५ विगाह | वडा नं ४ बाट मात्र पेश गर्न पाईने |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण / सुचिकृत भएको)।
२. कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/उपभोक्ता समिति/निजि उद्‍मी/कम्पनीहरु निर्णय प्रतिलिपी ।
३. वडा कार्यालयको सिफारिस पत्र।
४ सहकारी संस्था/ कृषि फर्म/कम्पनीको हकमा लेखा परिक्षण प्रतिवेदन तथा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।
५. अध्यक्ष/प्रोपाइटरको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
६. भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
८. प्रतिबद्धता पत्र
९. रु.२०० राजश्व तिरेको रसिद।

**नोट:-** प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि, २०८० यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

**पुनश्च:** आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समितिको प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन।

विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४

२०८०।९।२
निमित्त प्रमुख प्रशासकीय अधिकृत